"प्रभावकारी जनसेवा र पेशागत अधिकार सुनिश्चितताको लागि नेपाल राष्ट्रिय कर्मचारी संगठन
सुशासन, समृद्धि र समाजवाद निर्माणको अभियानमा कर्मचारी परिचालन"

श्र.वि.द.नं. २२१/०६४/६५

# नेपाल राष्ट्रिय कर्मचारी संगठन

## National Employee's Organization of Nepal

केन्द्रीय समिति, बबरमहल, काठमाडौं

(राष्ट्रिय स्तरको कर्मचारी ट्रेड युनियन)

पत्र सं: २०८०/०८१
चलानी नं. १५३

मितिः २०८०/१०/२२

श्री केन्द्रीय समिति पदाधिकारी/प्रदेश समिति पदाधिकारी/केन्द्रीय समिति सदस्य/जिल्ला समिति पदाधिकारी/विभागीय समिति पदाधिकारी/प्रदेश समिति सदस्य/जिल्ला समिति सदस्य र विभागीय समिति सदस्य।

**विषयः परिपत्र।**

उपरोक्त विषयमा मिति २०८०/१०/२१ गतेका दिन नेपाल राष्ट्रिय कर्मचारी संगठनको केन्द्रीय कार्यालयको बैठक यस संगठनका अध्यक्ष श्री अम्बादत्त भट्टको अध्यक्षतामा र नेपाल कम्यूनिष्ट पार्टी (माओवादी केन्द्र) का केन्द्रीय सदस्य एवं नेपाल राष्ट्रिय कर्मचारी महासंघका अध्यक्ष श्री मणिरत्न श्रेष्ठको प्रमुख आतिथ्यमा बसी तपशिल बमोजिमका निर्णयहरू गरिएकोले उक्त निर्णयहरू कार्यान्वयन गर्न/गराउन जानकारीका लागि यो परिपत्र गरिएको छ।

**निर्णयहरू:**

१. **श्रद्धाञ्जलीः**

नेपालको समाज विकास, परिवर्तन र रूपान्तरणका लागि विभिन्न कालखण्डमा भएका राजनीतिक, सामाजिक तथा पेशागत आन्दोलनमा शहादत प्राप्त गर्नुहुने ज्ञात अज्ञात शहिदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते योद्धाहरूको शिघ्र स्वास्थ्य लाभको कामना तथा वेपत्ता योद्धाहरूको स्मरण गर्दछौं।

२. **१६औं स्थापना दिवसको समीक्षा**

क) प्रशिक्षणः राष्ट्रिय कर्मचारी संघठनको १६ औं स्थापना दिवसको अवसरमा सञ्चालन भएको केन्द्रीय समितिको पूर्ण बैठकका प्रमुख अतिथि, सम्माननीय प्रधानमन्त्री तथा ने.क.पा. (माओबादी केन्द्र) का श्रदेय अध्यक्ष क. पुष्पकमल दाहाल "प्रचण्ड"बाट प्रशिक्षण कार्यक्रम, अनलाइन सदस्यता व्यवस्थापन प्रणाली सहितको neoncivil.org.np नामक वेवसाइट र संगठनको राष्ट्रिय गीतको उद्घाटन कार्यक्रम सुसम्पन्न भयो।

ख) नेपाल राष्ट्रिय कर्मचारी संघठनको १६ औं स्थापना दिवसको अवसरमा संकृति तथा खेलकुद विभागको आयोजनामा गरिएको ब्याडमिन्टन तथा फुटसल खेलकुदसम्बन्धी कार्यक्रम शान्त र सौहार्दपूर्ण वातावरणमा सम्पन्न गरियो। उक्त कार्यक्रममा सम्माननीय प्रधानमन्त्री तथा ने.क.पा. (माओबादी केन्द्र) का श्रदेय अध्यक्ष क. पुष्पकमल दाहाल "प्रचण्ड"ज्यूबाट खेलाडीहरूलाई पुरस्कार तथा सिल्ड वितरणसम्बन्धी कार्यक्रम सुसम्पन्न भयो।

पत्र सं:
चलानी नं.

ग) नेपाल राष्ट्रिय कर्मचारी संघठनको १६ औं स्थापना दिवसको अवसरमा संकृति तथा खेलकुद विभागबाट सम्पन्न भएको ब्याडमिन्टन तथा फुटसल खेलकुद कार्यक्रमको पुरस्कार वितरणसम्बन्धी काम केन्द्रीय समितिको पूर्ण बैठकका प्रमुख अतिथि, सम्माननीय प्रधानमन्त्री तथा ने.क.पा. (माओबादी केन्द्र) का श्रदय अध्यक्ष क. पुष्पकमल दाहाल "प्रचण्ड"बाट सुसम्पन्न भयो।

३. **संघिय निजामती सेवा ऐन सम्बन्धमा।**

क) तिनै तहका कर्मचारीहरूको वृत्ति विकास एवं पेशागत हकहितको सुरक्षा हुनेगरी संघिय निजामती सेवा ऐन चालु संसदको हिउँदे अधिवेशनबाट जारी गर्न पहल गर्ने।

ख) संघिय निजामती सेवा ऐन लगायतका प्रशासनिक विषयवस्तुमा पार्टी र संगठनको धारणामा एकरुपता कायम गर्न प्रतिनिधि सभा र राष्ट्रिय सभाका सदस्यहरूसँग छलफल तथा अन्तर्क्रिया गर्ने ।

ग) संघिय निजामती सेवा ऐन सम्बन्धमा प्रशासक तथा पूर्व प्रशाशकसँग अन्तर्क्रिया कार्यक्रम आयोजना गर्ने।

४. संगठनको विशेषाङ्क "विश्वदृष्टिकोण" वैशाखभित्र प्रकाशन गर्न केन्द्रीय कार्यालयले कार्ययोजना बनाउने।

५. संगठन सदस्यता वितरण अभियान।

क) सदस्यता व्यवस्थापन प्रणाली सम्बन्धी प्राविधिक जानकारी गर्न गराउन सबै प्रदेशमा प्रतिनिधि पठाउने।

ख) आगामी चैत्र मसान्तसम्म जिल्ला तहसम्म सदस्यता नवीकरण तथा विस्तार अभियान सञ्चालन गर्ने।

ग) प्रदेशस्तरिय प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने।

घ) सदस्यता व्यवस्थापन प्रणालीको नियन्त्रण केन्द्रीय कार्यालयमा रहने तथा उप-नियन्त्रण प्रदेशस्तर तथा जिल्ला र विभागस्तरसम्म रहन सक्ने ।

६. क्यालेण्डर प्रकाशन कार्ययोजना सहित चैत्र १५ गतेसम्म छपाई सक्नेगरी संगठन विभागलाई जिम्मा दिने।

७. बनभोज कार्यक्रमः (२०८० फाल्गुण १२ थानकोट त्रिभुवन पार्कमा आयोजना गर्ने।

८. सहकारी गठन तथा दर्ताः फाल्गुण मसान्तभित्र काठमाडौंमा संगठनको सहकारी दर्ता गर्न आवस्यक तयारी गर्न उत्पादन तथा सहकारी विभागलाइ जिम्मेवारी दिने।

९. भूकम्प प्रभावित क्षेत्रमा विद्यालय भवन निर्माण गर्न राहत कोष संकलनमा ताकेता गर्ने।

पत्र सं:
चलानी नं.

१०. सदस्यता मापदण्ड र लेवी व्यवस्थापनसम्बन्धमा।

मिति २०८० माघ २१ बसेको केन्द्रीय कार्यालयको बैठकको निर्णयबाट अनलाइन सदस्यता वितरण, नवीकरण तथा लेवी व्यवस्थापनसम्बन्धी कार्यविधि निर्माण गरी कार्यान्वयन गर्न गराउन हुन जानकारी गराइन्छ।

१) सदस्यता प्राप्ति तथा नविकरण

क) साधारण सदस्यः

नेपाल राष्ट्रिय कर्मचारी संगठनप्रति आस्था राख्ने तिनै तहमा कार्यरत कर्मचारीले विधानको दफा ५(१क) वमोजिम विधानको दफा ५ को उपदफा २ वमोजिमको वार्षिक रू. १५०।०० (अक्षरेपी एक सय पचास मात्र) रकम संगठनको केन्द्रीय समितिको खातामा दाखिला गरी अनलाइन सदस्यता व्यवस्थापन प्रणालीबाट साधारण सदस्यता प्राप्त वा नवीकरण गर्न सकिने छ।

ख) सक्रिय सदस्यः

नेपाल राष्ट्रिय कर्मचारी संगठनको साधारण सदस्यता प्राप्त गरेको एक वर्ष वा सो भन्दा बढी अवधि क्रियाशिल रहेको प्रत्येक सदस्य विधानको दफा ५ को उपदफा १(ख) वमोजिमका काम कर्तव्य र अधिकार प्रति प्रतिवद्ध प्रत्येक सदस्यले मासिक रूपमा एक सय रूपैयाँ तथा अग्रिम रूपमा एकमुष्ट वार्षिक एक हजार रूपैयाँ रकम दाखिला गरी अनलाइन सदस्यता व्यवस्थापन प्रणालीबाट सक्रिय सदस्यता प्राप्त गर्न वा नविकरण गर्न सकिने छ।

ग) मानार्थ सदस्यताः

नेपाल राष्ट्रिय कर्मचारी संगठनप्रति शुभेच्छा राख्ने, समर्थक तथा सुभचिन्तक ट्रेड युनियन अधिकारबाट कानुनीरूपमा वन्चित प्रशासक, पूर्व प्रशाशक वा पूर्व कर्मचारी एवं राष्ट्रिय वा अन्तर्राष्ट्रिय रूपमा ख्याति प्राप्त व्यक्तित्वहरूलाई एक पटकको लागि दुई हजार रूपैयाँ रकम केन्द्रीय समितिको खातामा दाखिला गरी/गराई विधानको दफा ५ को उपदफा १(ग) वमोजिम अनलाइन सदस्यता व्यवस्थापन प्रणालीबाट मानार्थ सदस्यता प्राप्त गर्न सकिनेछ। साथै, मानार्थ सदस्यता प्राप्त व्यक्ति/व्यक्तित्वहरूको एउटा परिषद् गठन गरिने छ।

२) लेवी व्यवस्थापनसम्बन्धी

क) सदस्यता वितरण तथा नविकरण वाफतको रकम केन्द्रीय समितिको खातामा दाखिला गर्नु पर्ने छ।

"प्रभावकारी जनसेवा र पेशागत अधिकार सुनिश्चितताको लागि नेपाल राष्ट्रिय कर्मचारी संगठन
सुशासन, समृद्धि र समाजवाद निर्माणको अभियानमा कर्मचारी परिचालन"

श्र.वि.द.नं. २२१/०६४/६५

नेपाल राष्ट्रिय कर्मचारी संगठन
National Employee's Organization of Nepal
केन्द्रीय समिति, बबरमहल काठमाडौं
(राष्ट्रिय स्तरको कर्मचारी ट्रेड युनियन)

पत्र सं:
चलानी नं.

ख) सम्बन्धित जिल्ला/विभागीय समितिले प्रस्तुत गरेको सदस्यता वितरण तथा दाखिला भएको लेवी विवरण वमोजिम कुल रकमको बीस प्रतिशत रकम सम्बन्धित जिल्ला समिति र तीस प्रतिशत रकम सम्बन्धित प्रदेश समितिलाई अर्धवार्षिक वा वार्षिक वा माग भएवमोजिम केन्द्रीय समिति मार्फत भुक्तानी गरिने छ।

**३) तीनै तहका सदस्यहरूको अनलाइन सदस्यता प्राप्ति तथा नवीकरण सम्बन्धी संक्षिप्त कार्यविधि।**

नेपाल राष्ट्रिय कर्मचारी संगठनको **website: neoncivil.org.np** यसबाट हरेक सदस्यले सजिलै तरिकाबाट आफ्नो सदस्यता विवरण आफै भर्न, विवरणहरू update गर्न र लेवी तिर्न सकिन्छ।

१. **neoncivil.org.np** मा जाने ।

२. अध्यक्षको फोटो मुनी रहेको सदस्यता व्यवस्थापन प्रणालीमा क्लिक गर्ने ।

३. रजिस्टर गर्नको लागि आफ्नो user name र password राख्ने।

४. रजिस्टर गर्नुहोस बटनमा क्लिक गर्ने ।

५. फिड्मा देखाइएअनुसार आफ्नो पुरा विवरण भरेर save बटन मा click गरेर आफ्नो प्रोफाइल तयार गर्ने।

६. थप विवरणहरू भर्नको लागि profile मा click गर्नुहोस ।

७. त्यसपछि सदस्तया विवरण अद्यावधिक (कहिले सदस्यता लिनु भएको हो? अहिले के कस्तो अवस्थमा छ? कस्तो प्रकारको सदस्यता हो?) को लागि सोही सदस्यता बटनमा click गर्नुहोस।

८. कार्यलय विवरण अद्यावधिक (नियुक्ति भएपछि कुन कुन कार्यालयमा सरुवा हुनु भयो? हाल कुन कार्यालयमा हुनुहुन्छ?) को लागि सोही कार्यालय विवरणमा क्लिक गरी टाइप गर्ने।

९. लेवी तिर्नको लागि लेवी बटनमा click गर्ने र आवश्यक विवरणहरू भरी QR code बाट रकम भुक्तानी गर्ने।

१०. अनलाइन सदस्यता विवरण भर्नमा कुनै कठिनाई भएमा केन्द्रीय कार्यालय वा तपसिल वमोजिमका सम्पर्क व्यक्तिहरूसँग समन्वय गर्न हुन जानकारी गराइन्छ।

राजेन्द्र राना, सम्पर्क नं. ९८५१३२०९६५

डा. केशव भट्ट, सम्पर्क नं. ९८४८७१४९९९

(डिलाराम खनाल)

महासचिव